# THE SCHOOL DISTRICT OF PHILADELPHIA

## OFFICE OF THE SUPERINTENDENT

**440 NORTH BROAD STREET, SUITE 301**

**PHILADELPHIA, PENNSYLVANIA 19130**

**WILLIAM R. HITE, JR., Ed.D.**
**SUPERINTENDENT**

**TELEPHONE (215) 400-4100**
**FAX (215) 400-4104**


जुन १०, २०१३

प्यारा आमा बुवा र अभिभावकहरु:

गर्मी महिनाको छुट्टी छिट्टै आउँदै भएकोमा म तपाईंलाई बिद्यालय जिल्ला, शहरका संस्थान र फाईदा बिना चल्ने स्थानिय संगठनहरुले बालकहरुलाई प्रदान गर्ने कार्यक्रमहरु उपलब्ध भएको बारे जानकारी दिन चहान्छु।

बिद्यालय जिल्लाको गर्मी महिनाको कार्यक्रमको वेबसाईटमा (www.philasd.org/summerprograms) समुदायका साझेदार द्वारा प्रयोजन गरिएका शिक्षा समृद्धि गर्ने कृयाकलापहरु र किन्डेरगार्टेन देखी कक्षा ११का विद्यार्थीहरुलाई पढ्ने किताबहरुको सुचीको बारे जानकारी सम्मिलित छ। तपाईंले यि कुराहरुको बारे जानकारी प्राप्त गर्न सक्नु हुन्छ:

- **फिलाडेल्फिया शहर युवा कार्यक्रमहरु (www.phila.gov/youthprograms)** - निशुल्क र सस्तो गर्मी महिनाका कार्यक्रमहरुमा भाग लिइ "रमाइलो र सुरक्षित गर्मी महिनाको छुट्टी" मनाउनुहोस्। फिलाडेल्फिया शहरको सहयोगको साथ धैरै बिद्यालयहरुमा गर्मी महिनाको शिविर सन्चालन गरिने छ। १८ बर्षा भन्दा कम उमेर भएका विद्यार्थीहरुलाई निशुल्क खाना उपलब्ध हुने छ। www.phillysummermeals.com मा जानु होस् वा गर्मी महिनामा खाना प्रदान गर्ने स्थान खोज्न ३११ फोन गर्नु होस्।
- **"ए एस् ए पि"/बिद्यालय पछीको कार्यक्रम साझेदारी (ASAP/After School Activities Partnerships) (www.phillyasap.org)** – धैरै बिद्यालय पछीका कार्यक्रमहरुले गर्मी महिनामा कार्यक्रमको सन्चालन गर्ने छन्। थप विवरणको लागि डाइरेक्टोरीमा (directory) "क्लिक" (click) गर्नुहोस्। कार्यक्रमको बारे जानकारी हरेक शैक्षिक बर्षको अनुसार प्रदान गरिएको हुन्छ, त्येसैले गर्मी महिनाको बारे जानकारी प्राप्त गर्न वेबसाइटलाई संपर्क गर्नु होला।
- **फिलाडेल्फिया क्षेत्र र दक्षित न्यू जेर्सीको युनाईटेड वे (www.211sepa.org)/United Way of Greater Philadelphia and Southern New Jersey (www.211sepa.org)** तपाईंले यि सुची हरु मा प्राप्त गर्न सक्नु हुन्छ: www.nj211.org/sepa/images/SummerCampActivityPrograms2013.pdf. । ईन्टरनेट नभएको खण्डमा २-१-१ वा ८६६-९६४-७९२२ मा संपर्क गर्नु होला।

अहिले देखीनै योजना बनाउन सुरु गर्नु होला भनी प्रोत्साहन गर्छौं किन भने धैरै कार्यक्रमहरुले पहिलो सहभागिलाई पहिला भर्ना प्रदान गर्नेछ। कृपया यो जानकारी आफ्नो साथी र छिमेकीहरु सँग बाँढ्नु होला।

इमान्दारीका साथ



विल्यम आर् हाइट (William R. Hite), Jr., Ed.D.